# विराटनगर महानगरपालिका

बैठक संख्याः १०३
मितिः २०७८/११/०४

बैठक प्रारम्भः बिहान ८:१० बजे
बैठक स्थगनः बिहान १०:०० बजे

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/११/०४ गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | पूर्व निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। कार्यपालिकाबाट गठित समितिहरूले प्रतिवेदन दिन बाँकि भए यथाशीघ्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो। |
| २ | नगर सभाको मिति तोक्ने सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(१) एवम् गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (प्रदेश ऐन) को दफा ३ मा भएको व्यवस्था बमोजिम विराटनगर महानगरपालिकाको नगर सभाको नवौं अधिवेशन मिति २०७८/११/१५ गते आइतबार कार्यालयको सभाहलमा बस्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | बजेट तथा कार्यक्रम समायोजन सम्बन्धमा (आन्तरिक आय तथा घरजग्गा रजिष्ट्रेशन तर्फ)। | आ.व.२०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम बमोजिम प्रक्षेपण गरिए अनुसार आन्तरिक आय तथा घरजग्गा रजिष्ट्रेशनतर्फको रकम हालसम्मको प्रगतिको समीक्षा गर्दा लक्ष्य अनुरुप प्रगति नहुने देखिएकोले स्वीकृत योजना/कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भइरहेको हुँदा आन्तरिक आय तथा घरजग्गा रजिष्ट्रेशन तर्फका योजना/कार्यक्रमको कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) विषयगत महाशाखा/शाखातर्फ स्वीकृत बजेट कार्यक्रमको ५० प्रतिशत बजेट नबढ्नेगरी योजना/कार्यक्रमहरू कार्यान्वयन गर्ने (शैक्षिक कार्यक्रमको शिक्षक तथा विद्यालय कर्मचारीहरूको तलब, पारिश्रमिक तथा सुविधा बाहेक)।<br>(२) अनुसूची-'ख' अन्तर्गतका संघसंस्थागत पुँजीगत योजना/कार्यक्रमहरुमा हालसम्म सम्झौता भएका बाहेकमा विनियोजित बजेटको ५० प्रतिशत बजेट कायम गरी योजना/कार्यक्रमहरू कार्यान्यवयन गर्ने।<br>(३) अनुसूची-'ग' अन्तर्गतका संघसंस्थागत चालु योजना/कार्यक्रमहरुमा हालसम्म सम्झौता भएका बाहेकमा विनियोजित बजेटको ५० प्रतिशत बजेट कायम गरी योजना/कार्यक्रमहरू कार्यान्यवयन गर्ने।<br>(४) अनुसूची-'ङ' अन्तर्गतका नगर स्तरिय योजनाहरुमा हालसम्म सम्झौता भएका आयोजना बाहेकमा वडागत रुपमा कुल विनियोजित बजेटको ५० प्रतिशत बजेट नबढ्नेगरी योजना/कार्यक्रमहरू कार्यान्यवयन गर्ने। उक्त अनुसूचीका आयोजना कार्यान्वयनका सिलसिलामा वडा समितिले प्रमुख र उप-प्रमुखज्यूसँग राय परामर्श गरेर सिफारिस गरी पठाएपछि मात्र कार्यान्वयन प्रक्रियामा लैजाने, एवम् पाँच लाखभन्दा कम रकमका आयोजनाहरूको हकमा विनियोजित बजेट बमोजिम नै कुल रकमको ५० प्रतिशतमा नबढ्नेगरी कार्यान्वयन गर्ने निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ, नेपाल
प्रदेश नं. १,

| | | |
|---|---|---|
| ४ | जग्गा लिजमा दिने सिफारिस सम्बन्धमा। | विराटनगर महानगरपालिका वडा नं.४ (साविक कञ्चनबारी ७ र अमाहीइक्राही १क) बस्ता पैनी स्थित कि.नं.६१ को ०-११-१८ (बिघा) सार्वजनिक जग्गा लिजमा लिन सन्त नेता कृष्णप्रसाद भट्टराई फाउण्डेशन, विराटनगर ४, मोरङले सम्बन्धित वडा कार्यालयको सिफारिस सहित माग गरेको हुँदा सो जग्गामध्ये ०-६-० (बिघा) जग्गा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ बमोजिम उक्त फाउण्डेशनलाई लिजमा उपलब्ध गराउन सिफारिस गरी पठाउने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | कार्यालय भवन र गुद्री स्थित भवन, टहराको लिलाम-विक्री सम्बन्धमा। | विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय परिसरभित्र रहेको पुरानो भवन भत्काई नयाँ संरचना बनाउनको लागि उक्त पुरानो भवन भत्काउने र सोबाट निस्किने पुराना निर्माण सामग्रीहरूको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वं नियमावली, २०७७ बमोजिम लिलाम विक्री गर्ने मिति २०७८/१०/१३ को प्रमुखस्तरीय निर्णय एवम् कार्यालयको स्वामित्वमा रहेको विराटनगर ९, गुद्री स्थित ई-प्लटमा बहुउद्देश्यीय व्यवसायिक कम्प्लेक्स निर्माण गर्न प्रदेश लगानी प्राधिकरण, प्रदेश नं.१ सँग समझदारी/सम्झौता भइसकेकोले उक्त प्लटमा रहेको पुरानो संरचना भत्काउने र सोबाट निस्किने पुराना निर्माण सामग्रीहरूको लिलाम विक्री गर्ने मिति २०७८/१०/१३ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। |
| ६ | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ सम्बन्धमा। | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को सम्बन्धमा छलफल तथा विश्लेषण गरी सो कार्यविधि अनुरुप कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | बाँकि एजेन्डाहरूको सम्बन्धमा। | प्रस्तावित बाँकि एजेन्डाहरूमाथि थप छलफल गरी निर्णय गर्न मिति २०७८/११/०५ दिउँसो ३:०० बजे कार्यपालिका बैठक बस्ने निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल